# एकीकृत नमूना सन्तपुर बस्ती, रौतहट जिल्ला

## चन्द्रपुर नगरपालिका वडा नं. ८, सन्तपुर

२०७४ श्रावणको २८ गतेबाट परेको अविरल वर्षाको कारणले डुवानमा परेर पीडामा रहेका रौतहट जिल्ला चन्द्रपुर नगरपालिका वडा नं. ८ स्थित सन्तपुरमा रहेका माझि, दुसाद, हजाम जाति समुदायका लागि ४७ आवासीय घरहरू सहितको एकीकृत नमूना सन्तपुर बस्ती निर्माण गरी सोही वर्ष माघ २३ गते सम्मानीय राष्ट्रपति श्रीमती बिद्यादेवी भण्डारीज्यूबाट हस्तान्तरण समेत गरिएको छ । बस्तीमा ४७ आवासीय घरहरू, एक भ्यू टावर, सुन्दर बगैंचा, विद्यालय, मन्दिर, चिल्ड्रेन पार्क, सहयोगी स्तम्भ, क्लव घर, सार्वजनिक शौचालयहरू, सार्वजनिक धाराहरू लगायतका संरचनाहरू निर्मित छन् । बस्ती निर्माणका लागि ५ करोड ९४ लाख कुल लागत खर्च भएको थियो ।





**अन्य विवरण:**

| | |
|---|---|
| परियोजनाको नाम | : एकीकृत नमूना सन्तपुर बस्ती |
| परियोजना सुरू गरिएको मिति | : २०७४ कार्तिक ३ गते |
| परियोजना सकिएको मिति | : २०७५ माघ २३ गते |
| जम्मा लागत समय | : ११० दिन |
| घर संख्या | : ४७ |
| घरको प्रकृति | : भूकम्प प्रतिरोधी, बाढिपहिरो प्रतिरोधी, अपाङ्ग मैत्री, बालबालिका मैत्री |
| लाभग्राही परिवार संख्या | : ४७ |
| लाभग्राही किसिम | : बाढी पीडित |
| जम्मा जनसंख्या | : २८४ |
| बसोवास गर्ने जाति समूह | : माझि, दुसाद, हजाम, मुसहर |
| प्रति घर लागत | : १३,५५,९५८ |
| जम्मा लागत | : ५ करोड ९४ लाख |
| समन्वय तथा सहयोग | : धर्मुस सुन्तली फाउण्डेशन |
| सहयोगी संस्था, व्यक्तिहरू | : देश तथा विदेशमा रहनुभएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरू, एन.आर.एन.ए. संघ संस्थाहरू |

| | |
|---|---|
| निर्मित संरचनाहरू | : ४७ आवासीय घर, एक सामुदायिक भवन, एक प्रि स्कुल, एक भ्यू टावर, सुन्दर बगैंचा, मन्दिर, चिल्ड्रेन पार्क, सहयोगी स्तम्भ, क्लव घर, सार्वजनिक शौचालयहरू, सार्वजनिक धाराहरू । |
| परियोजना कुल क्षेत्रफल | : १२ कट्ठा |
| कुल संकलन सहयोग | : ५ करोड ९५ लाख |
| खर्च भई रहेको सहयोग | : छैन |